"सुशासनसहितको समृद्ध छत्रकोटको आधार: स्वास्थ्य, शिक्षा तथा उत्पादनसहितको रोजगारी र पूर्वाधार"

# स्थानीय सरकार

# छत्रकोट गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

## चोयगा, गुल्मी

# छत्रकोट गाउँपालिका गाउँ सभाको २२औं अधिवेशनमा

उपाध्यक्ष श्री सावित्रा ज्ञवालीज्यूले

प्रस्तुत गर्नुभएको आगामी आ.व.२०८३/८४ को बजेट वक्तव्य

बैठक नं. २

२०८३ असार १०

**गाउँ सभाका श्रद्धेय अध्यक्ष ज्यू,**

**सभाका सदस्य ज्यूहरू,**

छत्रकोट गाउँपालिका गाउँ सभाको २२ औं अधिवेशनको यस सम्मानित बैठकमा आगामी आर्थिक वर्ष २०८३।०८४ को बजेट प्रस्तुत गर्न पाउँदा गौरवान्वित महशुस गरेको छु।

यस अवसरमा नेपालको सर्वभौमसत्ता स्वाधिनता र भौगोलिक अखण्डता, स्वाभिमानको रक्षाका साथै राष्ट्रियता लोकतन्त्र र समग्र परिवर्तनका लागि विभिन्न कालखण्डमा भएका राजनीतिक सङ्घर्ष, क्रान्ति र आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने वीर सहिदहरूप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु। साथै घाइते अपाङ्ग, सहिद परिवार, बेपता नागरिक र तिनका परिवारजनमा हार्दिक सम्मान व्यक्त गर्दछु।

कृषि र पशु विकास क्षेत्रको विकास र व्यावसायीकरण, सिँचाइ पूर्वाधारको विस्तार, पर्यटकीय क्षेत्रको संरक्षण र प्रवर्धन, उद्योग व्यवसायको सबलीकरण, उद्यमशीलताको विकास गरी स्थानीय स्तरमा रोजगारी सिर्जना, युगानुकुल प्रविधिमैत्री शिक्षाको विकास, गुणस्तरीय, सरल र पहुँचयोग्य स्वास्थ्य सेवाको प्रवर्धन, गुणस्तरीय स्मार्ट र दिगो पूर्वाधार निर्माण तथा समग्र सेवा प्रवाह प्रणालीलाई छिटो, छरितो, शिघ्र, चुस्त, दुरुस्त र जनमैत्री बनाइ नागरिक सन्तुष्टि अभिवृद्धि मार्फत् "**सुशासनसहितको समृद्ध छत्रकोटको आधार स्वास्थ्य, शिक्षा तथा उत्पादनसहितको रोजगारी र पूर्वाधार**" को अभियानलाई सार्थक बनाउन आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम केन्द्रित गरेको छु।

बजेट तथा कार्यक्रमहरू प्रस्तुत गर्दै गर्दा गाउँपालिकाभित्र, गाउँपालिका बाहिर र विदेशमा रहनुभएका छत्रकोटबासी एवम् सबै शुभ चिन्तकहरूले छत्रकोटको विकासका लागि देखाउनु भएको चिन्ता, चासो र तत्परतालाई उच्च सम्मान प्रकट गर्दछु ।यो बजेट निर्माण गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, सङ्घीय तथा प्रदेश कानुनहरू, गाउँपालिकाले तयार गरेका ऐन, नियम, कार्यविधीहरू, गाउँपालिकाले लिएका लक्ष्यहरू, गाउँपालिकाको नीति तथा कार्यक्रम, विषयगत समितिका सुझाव, विकासका समसामयिक मुद्दाहरू र विज्ञहरूका सुझाव परामर्श र सर्वपक्षीय/सर्वदलीय अन्तरक्रियासमेतलाई ध्यानमा राखेको छु ।

**आदरणीय सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक बर्ष २०८३।८४ को बजेटका उद्देश्य तथा प्राथमिकताका क्षेत्रहरू प्रस्तुत गर्दछु।

**बजेटका उद्देश्यहरू देहायबमोजिम रहेका छन् ।**

१.उपलब्ध स्रोत र साधनको न्यायोचित, मितव्ययी तथा प्रभावकारी परिचालन गर्ने।

२. गाउँपालिकाको आवधिक योजना तथा वार्षिक विकास लक्ष्यअनुरूप बजेट विनियोजन गर्ने।

३. विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा गुणस्तरीय र दिगो प्रतिफलयुक्त बनाउने।

४. उत्पादनमुखी, समावेशी, वातावरणमैत्री तथा परिणाममुखी विकासलाई प्रवर्धन गर्ने।

५. योजना तथा कार्यक्रम छनोट प्रक्रियामा पारदर्शिता, उत्तरदायित्व र वस्तुनिष्ठता कायम गर्ने।

६. स्थानीय आर्थिक विकास, रोजगारी सिर्जना तथा गरिबी न्यूनीकरणमा योगदान पुऱ्याउने ।
७. सुशासन, संस्थागत क्षमता विकास तथा डिजिटल सेवा प्रवाहलाई सुदृढ बनाउने ।

**बजेटका प्राथमिकताका क्षेत्रहरू देहायबमोजिम तय गरेको छु।**

**पहिलो प्राथमिकता**

- ❖ सम्पन्न हुन बाँकी रहेका अधुरा तथा बहुवर्षीय आयोजना
- ❖ कानुनी दायित्व तथा अनिवार्य प्रशासनिक खर्च
- ❖ शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ सम्बन्धी आधारभूत सेवा

**दोस्रो प्राथमिकता**

- ❖ कृषि, पशुपालन तथा उत्पादनमुखी कार्यक्रम
- ❖ युवाहरूलाई स्थानीय उद्यम, उद्यमशीलता, तथा स्वरोजगार प्रवर्धन
- ❖ गरिबी न्यूनीकरण तथा आयआर्जन कार्यक्रम

**तेस्रो प्राथमिकता**

- ❖ स्थानीय सडक, पुल तथा अन्य पूर्वाधार स्तरोन्नति
- ❖ विपद् जोखिम न्यूनीकरण तथा आपतकालीन व्यवस्थापन
- ❖ वातावरण संरक्षण तथा जलवायु अनुकूलन कार्यक्रम
- ❖ राजस्व वृद्धि तथा सेवा प्रवाह सुधार कार्यक्रम
- ❖ पर्यटन विकास तथा स्थानीय सम्पदाको प्रवर्धन
- ❖ युवा, खेलकुद तथा नेतृत्व विकास कार्यक्रम
- ❖ महिला, बालबालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका व्यक्ति तथा पिछडिएका वर्गको सशक्तीकरण
- ❖ सांस्कृतिक सम्पदा संरक्षण तथा प्रवर्धन
- ❖ जनचेतनामूलक, प्रवर्द्धनात्मक तथा क्षमता विकास कार्यक्रम
- ❖ सङ्घ, प्रदेश तथा अन्य निकायसँगको साझेदारीमा सञ्चालन हुने कार्यक्रम
- ❖ स्थानीय आवश्यकताका आधारमा सञ्चालन गरिने सहयोगात्मक कार्यक्रम

**आदरणीय सभाध्यक्ष महोदय,**

**गाउँ सभाका सदस्यज्यूहरू**

अब म आ.व. २०८१/०८२ को यथार्थ आय-व्यय र २०८२।८३ को संसोधित आय व्ययको अनुमानित विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु।

आ.व. २०८१/८२ मा आय तर्फ सङ्घीय सरकार अनुदान, लुम्बिनी प्रदेश सरकार अनुदान, वित्तीय व्यवस्थापन र आन्तरिक श्रोत गरी जम्मा रु. ५४ करोड ११ लाख ८७ हजार ५ सय २७ रुपैयाँ रहेको थियो । त्यसै गरी कूल खर्चमध्ये चालु खर्च रु. ३१ करोड २७ लाख ४४ हजार ५ सय ९० रुपैयाँ ९० पैसा, पुँजीगत खर्चतर्फ रु. १७ करोड ९४ लाख १३ हजार ५ सय ७० रुपैयाँ ०१ पैसा

गरी जम्मा खर्च रु. ४९ करोड ३४ लाख ५८ हजार १ सय ६० रुपैयाँ ९१ पैसा भएको र संचितकोषमा ४८ लाख ६३ हजार ६ सय ८ रुपैयाँ ४५ पैसा बचत रहेको थियो।

त्यसैगरी चालु आ.व. ०८२।८३ मा रु. ५७ करोड १५ लाख २७ हजार ९ सय १३ रुपैयाँ ८६ पैसा अनुमान गरिएकोमा यो बजेट तयार पार्दा सम्म चालु खर्च तर्फ रु. २५ करोड १८ लाख ८५ हजार ८ सय २१ रुपैयाँ ४७ पैसा (६८.१४ प्रतिशत) र पुँजीगत खर्च तर्फ रु. ७ करोड २१ लाख ८२ हजार १ सय ८९ रुपैयाँ ७१ पैसा (३५.७६ प्रतिशत) गरी जम्मा खर्च रु. ३२ करोड ४० लाख ६८ हजार ११ रुपैयाँ १८ पैसा (५६.७० प्रतिशत) खर्च भएको छ।

आ.व. ०८२।८३ को यथार्थ आय व्यय विवरण आ.व. समाप्त भैसके पश्चात सार्वजनिक गर्ने व्यवस्था मिलाउनेछु।

**आदरणीय सभाध्यक्ष ज्यू,**

**सभाका सदस्यहरू**

अब म आर्थिक बर्ष २०८३।८४ को अनुमानित **आय व्ययको विवरण** प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**आयतर्फ** आगामी आर्थिक वर्षमा सङ्घीय सरकार समानीकरण अनुदान तर्फ ८ करोड ९७ लाख, सङ्घीय सरकार सशर्त चालु अनुदान रु. २४ करोड ४४ लाख, सङ्घीय सरकार सशर्त पुँजीगत अनुदान ७० लाख, सङ्घीय सरकार विशेष अनुदान चालु तर्फ १ करोड ५० लाख, सङ्घीय सरकार समपूरक अनुदान रु. १ करोड ७१ लाख, सङ्घीय सरकार राजश्व बाडफाँडबाट प्राप्त रु. ८ करोड २८ लाख ८१ हजार र विद्युत रोयल्टी तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी ८ लाख १ हजार ८ सय ८० रुपैयाँ गरी सङ्घीय सरकारबाट **जम्मा रु. ४६ करोड ५३ लाख ५२ हजार ८ सय रुपैयाँ** आय हुने अनुमान गरेको छु।

**आयतर्फ** प्रदेश सरकार समानीकरण अनुदान रु. ६१ लाख ५७ हजार, प्रदेश सरकार राजश्व बाँडफाँट रु. ६३ लाख ७४ हजार ७ सय, प्रदेश सरकार सशर्त अनुदान रु. १ करोड १० लाख, प्रदेश सरकार समपूरक अनुदान रु ७५ लाख, प्रदेश सरकार विशेष अनुदान रु २१ लाख गरी प्रदेश सरकारबाट **जम्मा रु. ३ करोड ३१ लाख ३१ हजार ७ सय** आय अनुमान गरेको छु।

त्यसैगरी यस छत्रकोट गाउँपालिकाको आन्तरिक आय रु. ८४ लाख ७० हजार , र आ.व २०८२।८३ मा बचत हुन सक्ने रु. २ करोड ५७ लाख ३८ हजार ६ सय ३२ रुपैयाँ गरी जम्मा रु. ३ करोड ४२ लाख ८ हजार ६ सय ३२ रुपैयाँ आय अनुमान गरी कुल आय रु. ५२ करोड ४२ लाख २३ हजार २ सय १२ रूपैंया अनुमान गरेको छु।

व्यय तर्फको आगामी आर्थिक वर्षमा चालु तर्फ रू. ३८ करोड ९८ लाख २६ हजार २ सय १२ पुँजीगत खर्च तर्फ रू. १३ करोड ४७ लाख ९७ हजार रुपैयाँ गरी जम्मा रु. ५२ करोड ४२ लाख २३ हजार २ सय १२ रूपैया अनुमान गरेको छु।

कृषि तथा पशु क्षेत्रको विकास, सिँचाई क्षेत्रको विस्तार, उद्योग तथा पर्यटन प्रवर्द्धन र सहकारी क्षेत्रको सवलिकरण मार्फत् रोजगारी सिर्जना र गरिबी निवारण गरी छत्रकोट बासीको मर्यादित र सम्मानित जीवनयापनको लागि आर्थिक विकास तर्फ रु. २ करोड ५३ लाख १८ हजार विनियोजन गरेको छु।

गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा प्रवर्द्धन, स्वच्छ खानेपानी व्यवस्थापन र सरसफाइ, भाषा, कला र संस्कृतिको संरक्षण संवर्द्धन तथा सामाजिक समावेशीकरण मार्फत् समतामूलक छत्रकोट निर्माणको लागि **सामाजिक विकास तर्फ** रु. ३१ करोड १५ लाख ७२ हजार २ सय रूपैया विनियोजन गरेकोछु।

सुलभ, सन्तुलित, सुरक्षित, गुणस्तरीय एवम् दिगो पूर्वाधार निर्माण मार्फत् जनताको सहज जनजिविकाको लागि **पूर्वाधार विकास तर्फ** ९ करोड ५७ लाख ४२ हजार रुपैयाँ विनियोजन गरेको छु।

वन, वातावरण तथा जलाधार संरक्षण, जलवायु अनुकूलन,प्रकोप नियन्त्रण र विपद् व्यवस्थापन मार्फत् जैविक विविधता संरक्षण तथा जनताको सुरक्षित र सहज जीवनयापनका लागि **वन, वातावरण तथा विपद् व्यवस्थापनका लागि सुशासन तथा अन्तरसम्बन्धित** क्षेत्रतर्फ रु. ९८ लाख ६० हजार विनियोजन गरेको छु।

सेवा प्रवाहलाई छिटो, छरितो, चुस्त, दुरुस्त, पारदर्शि, मितव्ययी, प्रभावकारी र सेवामुखी बनाई नागरिक सन्तुष्टि अभिवृद्धि गर्न **कार्यालय संचालन तथा प्रशासनिक** खर्चतर्फ रु. ७ करोड २ लाख ३१ हजार १२ रुपैयाँ विनियोजन गरेको छु।

**अब म आ.व २०८३/०८४ को विनियोजन बजेटका मुख्य मुख्य अंश प्रस्तुत गर्दछु।**

१. **"व्यावसायिक कृषि, प्रविधि र बजारः छत्रकोटको समृद्धिको मुख्य आधार"** भन्ने मर्मलाई आत्मसात् गर्दै यान्त्रिकीकरणमार्फत् कृषिको आधुनिकीकरण गर्न २० लाख एवम् उत्पादन आधारित अनुदानमार्फत् व्यावसायीकरण गर्दै उत्पादन र उत्पादकत्त्व वृद्धि गर्न ३० लाख विनियोजन गरेको छु।

२. छत्रकोट गाउँपालिकाको मुख्य उत्पादन "सुन्तला" र उखुको क्षेत्र विस्तार, ब्रान्डिङ र बजारीकरण गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३. छत्रकोट गाउँपालिकाको श्रृङ्गा पिपलनेटामा अवस्थित गाउँपालिकाको जग्गालाई उपयोगमा लिइ कृषि अध्ययन तथा अनुसन्धान केन्द्रको रुपमा विकास गर्न ५ लाख विनियोजन गरेको छु ।

४. **"कृषकको हात, स्थानीय सरकारको साथ"** भन्ने मर्मका साथ कृषि र पशु प्राविधिकबाट कृषकको गोठ र खेतबारीमै पुगेर प्राविधिक परामर्श सेवा प्रदान एवम् तथ्याङ्क सङ्कलन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

५. छत्रकोट गाउँपालिकालाई आलु उत्पादनमा आत्मनिर्भर बनाउन **आलु पकेट विकास कार्यक्रम**लाई अगाहा-मनभाग-ढकान क्षेत्रमा निरन्तरताका लागि ६ लाख विनियोजन गरेको छु ।

६. दुध, मासु तथा अन्डा उत्पादनमा आत्मनिर्भर रहेको छत्रकोट गाउँपालिकालाई निर्यातमुखी बनाउन बाख्रा, बङ्गुर, माछा तथा पाड प्रवर्धन कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

७. छत्रकोट गाउँपालिकाभित्रका ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण, प्रवर्धन र प्रचार प्रसारका कार्यक्रमहरू सञ्चालन गर्न विशेष व्यवस्था मिलाएको छु।

८. छत्रकोट गाउँपालिकाभित्र रहेका तथा यस कार्यालयबाट नियमन हुने गरी सञ्चालनमा रहेका सहकारीहरूको वास्तविक अवस्थालाई उजागर गर्न विस्तृत अध्ययन गराउन आवश्यक व्यवस्था मिलाएको छ ।

९. स्थानीय कृषि उत्पादनको स्थानीय उपभोग अभिवृद्धि गर्न कृषि हाटबजार छत्रकोट ३ लुम्छामा सङ्घीय सरकारसँगको सहकार्यमा स्थापना गरी सञ्चालन गर्न २० लाख विनियोजन गरेको छ। साथै छत्रकोट २ पल्लिकोटमा कृषि सङ्कलन केन्द्र निर्माणका लागि १० लाख बजेट व्यवस्था मिलाएको छ।

१०. छत्रकोट १ हुँगामा तरकारी पकेट विकास कार्यक्रम सञ्चालनका लागि १० लाख बजेट व्यवस्था मिलाएको छ।

११. बैङ्क तथा वित्तीय संस्थासँगको समन्वयमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

**सभाका सदस्य ज्यूहरू,**

१२. **"विदेशको अनुभव, छत्रकोटको समृद्धिमा सदुपयोग"** भन्ने नारालाई आत्मसात गर्दै विभिन्न आयमूलक कार्यमा संलग्न हुन चाहनेहरूका लागि अध्यक्षसँग रिटर्नी कार्यक्रम सञ्चालन गर्न ३ लाख विनियोजन गरेको छ।

१३. युवाहरूलाई स्वरोजगार बनाउन युवा लक्षित सीप विकास तथा स्वरोजगार प्रवर्धन कार्यक्रम सञ्चालन तथा व्याज अनुदानका लागि ८ लाख बजेट व्यवस्था गरेको छ।

१४. स्थानीय कच्चा सामग्रीहरूको सम्भावनाका आधारमा **एक वडाः एक स्थानीय लघु उद्यम** सञ्चालन गर्न हुँगामा बाँसका हस्तकला सामग्री उत्पादन, पल्लिकोटमा दुना टपरी, हर्दिनेटामा सुन्तलाको जेली तथा जाम, दिगाममा गुँड तथा खुदो, खर्ज्याङमा अचार र दौंघामा साबुन तथा सरफ उत्पादन गर्ने कार्यलाई अगाडि बढाउन १२ लाख विनियोजन गरेको छ ।

१५. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमसँग साझेदारीका लागि सङ्घीय सरकारले विनियोजन गरेको कार्यक्रमतर्फका बजेटमा शतप्रतिशत बजेट थप गरेको छ ।

१६. राष्ट्रिय रोजगार कार्यक्रम साझेदारीका लागि शतप्रतिशत बजेट विनियोजन गरेको छ ।

**सभाका सदस्य ज्यूहरू**

१७. बहुक्षेत्रीय पोषणको अवधारणाबमोजिम पोषणमैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणाको प्रक्रियालाई अगाडि बढाउन सङ्घीय सरकारसँगको समन्वयमा ५० लाख विनियोजन गरेको छ।

१८. समग्र छत्रकोट गाउँपालिकाको स्वास्थ्य क्षेत्र सुधार कार्यका लागि सङ्घीय सरकार सँगको समन्वयमा अस्पत्ता सुधार कार्यक्रम अन्तर्गत रु १ करोड बजेट व्यवस्था मिलाएको छ।

१९. **"गर्भवती र सुत्केरीसँग उपाध्यक्ष"** भेटघाट **कार्यक्रम**लाई थप व्यवस्थित बनाउन आवश्यक बजेट व्यवस्था गरेको छ।

२०. **८० वर्ष माथिका छत्रकोट गाउँपालिका भित्र उपचार हुन नसकि रेफर भएका ज्येष्ठ नागरिकहरू**लाई स्वास्थ्य उपचारका लागि लुम्बिनी प्रदेशभित्र निःशुल्क एम्बुलेन्स सेवा उपलब्ध

गराउन आवश्यक बजेट विनियोजन गरेको छ। साथै प्रसूति सेवा लिन बर्थिङ सेन्टरसम्म आउन तथा रेफर भएका प्रसूतिहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिनसमेत बजेटको व्यवस्था गरेको छ ।

२१. छत्रकोट गाउँपालिकाका नागरिकहरूलाई रुपन्देहीको बुटवल र काठमाडौंमा उपलब्ध गराउँदै आएको निःशुल्क रगत सेवालाई देशका अन्य स्थानमा पनि विस्तार गरिनुका साथै मोतियाबिन्दुको निःशुल्क अपरेशनका लागि दिँदै आएको सहुलियतलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाएको छ।

२२. मृगौला प्रत्यारोपण गराएका, क्यान्सर रोगी, मेरुदण्ड पक्षघात भएका तथा मृगौलाको डायलाइसिस गराइरहेका बिरामीहरूलाई जीविकोपार्जनका लागि १२ लाख विनियोजन गरेको छ ।

२३. **स्वास्थ्य बिमा कार्यक्रम**मा आबद्ध हुन नसकेका अति विपन्न परिवारको पहिचान गरी निःशुल्क बिमा कार्यक्रमका लागि ८ लाख ७५ हजार विनियोजन गरेको छ ।

२४. **"शोकमा परेका नागरिकलाई छहारी, निःशुल्क शव वाहनमा हाम्रो जिम्मेवारी"** भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिकाभित्र मृत्यु भएका नागरिकहरूलाई शव अन्त्येष्टिका लागि लैजान कठिनाइ नहोस् भन्ने उद्देश्यअनुरुप निःशुल्क शव वाहनको व्यवस्थाका लागि आवश्यक बजेट विनियोजन गरेको छ।

२५. नेपाल सरकारले निःशुल्क उपलब्ध गराउने भनी तोकेका औषधी व्यवस्थापनका लागि २० लाख विनियोजन गरेको छ ।

२६. असहाय उपचार सहायता रकम उपलब्ध गराउन ५ लाख विनियोजन गरेको छ ।

**सभाका सदस्यज्यूहरू,**

२७. **"युग सुहाउँदो इच्छा, प्रविधिमैत्री गुणस्तरीय शिक्षा"** भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिकाभित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरूमा प्रविधियुक्त स्रोत साधनको व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाएको छ ।

२८. उत्कृष्ट नतिजा, विद्यालय सरसफाइ, अभिभावकको विद्यालयप्रतिको चासो, शिक्षक, अभिभावक र विद्यालय व्यवस्थापन समितिको आपसी समन्वय, नवीनतम शिक्षण सिकाइ प्रक्रियालगायतका सूचकहरूका आधारमा विद्यालयहरूलाई स्तरीकृत गर्ने तथा उत्कृष्ट विद्यालय छनोट गरी पुरस्कृत गर्न आवश्यक बजेट विनियोजन गरेको छ ।

२९. शिक्षकहरूलाई प्रविधिमैत्री डिजिटल शिक्षण सिकाइमा अभ्यस्त बनाउन र शिक्षण सिकाइ प्रक्रियामा कृत्रिम बुद्धिमत्ता(AI) लाई प्रयोग गर्नका लागि आवश्यक तालिमहरू सञ्चालनका लागि व्यवस्था मिलाएको छ।

३०. कृषि तथा पशु स्नातक, प्राविधिक शिक्षा डिप्लोमा तह (बालि विज्ञान र पशु विज्ञान) अध्ययन गर्न चाहने गाउँपालिकाभित्रका विद्यार्थीहरूलाई तुराङ बहुप्राविधिक शिक्षालय र मथुरा बहुप्राविधिक शिक्षालयसँगको समन्वयमा छात्रवृत्ति उपलब्ध गराउन विशेष व्यवस्था गरेको छ।

३१. आत्मबोध माध्यमिक विद्यालयमा प्राविधिक धारको सिभिल इन्जिनियरिङ कोर्ष अध्ययन गर्ने विद्यार्थीहरूलाई पूर्ण आवसीय सुविधा प्रदान गर्न बजेट विनियोजन गरेको छ।

३२. विद्यार्थीको लक्ष्य केन्द्रित सुनौलो भविष्यको मार्गदर्शनका लागि विद्यालयमा **Career Counseling** कार्यक्रम सञ्चालन तथा **पढ्दै कमाउँदै कार्यक्रम**लाई थप व्यवस्थित गर्दै अगाडि बढाउन विद्यालय तथा विद्यार्थीहरूलाई प्रोत्साहित गर्न विशेष व्यवस्था मिलाएको छु।

३३. शिक्षकहरूको दरबन्दी न्यूनता परिपूर्ति गर्न विद्यालयहरूमा अध्यापन गराउन इच्छुक आवश्यक शैक्षिक योग्यता भएका व्यक्तिहरूलाई **स्वयंसेवक शिक्षक**को रुपमा सूचीकृत गरी आवश्यकता भएका विद्यालयहरूमा अध्यापन अनुमती दिने नीति अवलम्बन गरी शिक्षण सिकाइ प्रक्रियामा सहजता प्रदान गर्न ५ लाख विनियोजन गरेको छु।

३४. विद्यार्थीहरूको सामुदायिक विद्यालयसम्मको पहुँचलाई सहज बनाउन व्यवस्था गरिदै आएको यातायात सुविधालाई थप प्रभावकारी बनाउन आगामी आ व मा श्रृङ्गा जनता माध्यमिक विद्यालयमा समेत **School Vehicle** व्यवस्थापन गर्न ३५ लाख विनियोजन गरेको छु।

३५. **"विद्यार्थीको भविष्य निर्माणका लागि स्थानीय सरकार"** अभियान अन्तर्गत स्थानीय सरकारका गतिविधि विद्यालसम्म र विद्यालयका गतिविधि गाउँपालिकासम्म आदान प्रदान गराउन **अध्यक्षसँग विद्यार्थी अन्तरक्रिया कार्यक्रम** सञ्चालनका लागि बजेट विनियोजन गरेको छु ।

३६. विद्यार्थीहरूलाई उच्च शिक्षामा सहज पहुँच अभिवृद्धि गर्ने उद्देश्यले यस गाउँपालिकामा रहेको एक मात्र क्याम्पस दिगाम आदर्श बहुमुखी क्याम्पसमा उच्च शिक्षा अध्ययन गरेमा स्नातक तहको मासिक शुःल्क गाउँपालिकाले उपलब्ध गराउने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३७. SEE परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थीहरूलाई १ लाख ५१ हजार, ३.९९ देखि ३.९० सम्मका लागि ५१ हजार र ३.८९ देखि ३.८० सम्म जिपिए प्राप्त विद्यार्थीलाई २५ हजार रुपैयाँ पुरस्कार प्रदान गरी उत्प्रेरित गर्ने कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

३८. छत्रकोट गाउँपालिका र देशमै लोकप्रिय बन्दै गइरहेको क्रिकेट खेललाई प्रवर्धन गरी स्थानीय स्तरमा स्तरीय खेलाडी उत्पादन गर्नका लागि माध्यमिक विद्यालयहरूमा ड्युज बल क्रिकेट प्राक्टिस नेटको स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३९. सामुदायिक विद्यालयहरूको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने प्रमुख संवाहकका रुपमा रहेका प्रधानाध्यापक, शिक्षक तथा विद्यालय कर्मचारीहरूलाई उत्प्रेरित गर्न ९ लाख विनियोजन गरेको छु । प्रधानाध्यापकहरूले प्राप्त गर्दै आएको मासिक भत्तामा शतप्रतिशत वृद्धि गरेको छु ।

४०. निर्माणका क्रममा रहेका अधुरा कभर्डहलहरूलाई सम्पन्न गर्ने तथा सञ्चालनमा आएका कभर्डहलहरूलाई थप व्यवस्थापन गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छु । साथै खेलकुद प्रवर्धनका लागि ३ लाख विनियोजन गरेको छु ।

४१. राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनका लागि १० लाख ५० हजार विनियोजन गरेको छु ।

४२. अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालनका लागि ८ लाख विनियोजन गरेको छु ।

४३. निःशुल्क लोक सेवा र शिक्षक सेवा तयारी कक्षा सञ्चालनका लागि ५ लाख विनियोजन गरेको छु ।

**सभाका सदस्यज्यूहरू**

४४. **"एक घर, एक धारा"** निर्माण अभियानलाई पूर्णता दिन आवश्यक योजनाहरू कार्यान्वयन गरिनेछ। साथै गाउँपालिकाको **Wash Plan** अद्यावधिक गर्नका लागि १० लाख व्यवस्था गरेको छ ।

४५. छत्रकोट सङ्ग्राहालयलाई आवश्यक मर्मत सम्भार गरी लोपोन्मुख संस्कृति, सिप र परम्परालाई प्रदर्शनमा राख्न समुदायमा आधारित जीवित सङ्ग्रहालय **(Living Museum)** को रुपमा व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

४६. समाजमा रहेका जातिय छुवाछुत, बाल विवाह, बहु विवाहलगायतका समस्या समाधानका लागि प्रदेश सरकारसँगको सहकार्यमा आवश्यक कार्यक्रमहरू कार्यान्वयन गर्न १० लाख विनियोजन गरेको छ ।

४७. एकल महिला, दलित महिला, विपन्न तथा हिंसा पीडित महिलाहरूको आर्थिक सशक्तीकरणका लागि आयमूलक कार्यक्रमहरू सञ्चालन गर्न विशेष व्यवस्था मिलाएको छ ।

४८. दलित तथा जनजाती समुदायमा रहेका परम्परागत लोपउन्मुख सिपहरूको संरक्षण तथा प्रवर्धन गरी व्यावसायिकतातर्फ उन्मुख बनाउन लक्षित कार्यक्रमहरूलाई थप प्रभावकारी रुपमा सञ्चालन विशेष व्यवस्था गरेको छ ।

४९. **"ज्येष्ठ नागरिकसँग अध्यक्ष भेटघाट कार्यक्रम"** का लागि ५ लाख विनियोजन गरेको छ ।

५०. बाल अधिकारको संरक्षण र प्रवर्धन गर्दै **बालमैत्री स्थानीय शासनयुक्त** गाउँपालिका घोषणाको कार्यक्रमलाई प्रभावकारी रुपमा अगाडि बढाउन १० लाख विनियोजन गरेको छ ।

५१.**ग र घ** वर्गका अपाङ्गता भएका व्यक्तिहरूका लागि जीविकोपार्जनमा सहजता प्रदान गर्न ६ लाख विनियोजन गरेको छ ।

५२. **"स्थानीय सरकार सारथी" कार्यक्रम** मार्फत् ५० वर्ष उमेर पुगेका एकल महिला तथा पुरुषहरूलाई जीवन निर्वाह सारथी भत्ताका लागि ५ लाख विनियोजन गरेको छ ।

**सभाका सदस्यज्यूहरू**

५३.

५४. हर्दिनेटा दर्लाम देखी बडडाँडाँ हुँदै खर्ज्याङ वडा कार्यालय सम्म मोटरबाटो कालोपत्रे आयोजना कार्य सम्पन्न गर्नका लागि सङ्घीय सरकार सँगको समन्वयमा १ करोड ४४ लाख बजेट व्यवस्था मिलाएको छ।

५५. चण्डिस्थान देखि सातमुरे खण्ड स्तरोन्नती कार्य अगाडि बढाउन सङ्घीय सरकार सँगको समन्वयमा १ करोड ४२ लाख बजेट व्यवस्था मिलाएको छ।

५६. गाउँपालिकाको केन्द्र देखि वडा कार्यालयसम्म मोटरबाटो कालोपत्रे गर्ने कार्यलाई थप अगाडि बढाउन पिपलनेटा- दिगाम-धरमपानी मानकोट-दौघा-फर्साटाकुरा सडक अन्तर्गत गैरिखुट्टा दौघा खण्ड स्तरोन्नतीका लागि प्रदेश सरकार सँगको समन्वयमा १ करोड ५० लाख बजेट व्यवस्था मिलाएको छ।

५७. प्रदेश सरकार सँगको समन्वयमा श्री नेरा मा वि सभाहल निर्माण कार्यका लागि रु २० लाख बजेट व्यवस्था मिलाएको छ।

५८. प्रदेश सरकार सँगको समन्वयमा अधेंरीखोला ठुटेपिपल लिफ्ट खानेपानी योजना टंकी निर्माणका लागि २१ लाख बजेट व्यवस्था मिलाएको छु।

५९. हाल सम्म मोटरबाटोको पहुँच नभएको बलेवामा मोटरबाटो ट्याक खोल्ने कार्यका लागि बौवा भुल्के चकमके बलेवा मो.बा शीर्षकमा ८ लाख बजेट व्यवस्था मिलाएको छु।

६०. छत्रकोट गाउँपालिका भित्रका गाउँपालिका स्तरीय,वडा स्तरीय तथा मुख्य सडकहरूको स्तरोन्नती कार्यका लागि आवश्यक बजेट व्यवस्था मिलाएको छु।

६१. छत्रकोट गाउँपालिका वडा नं १ स्थित जनजागृति मा.वि. मर्मत संभार कार्यका लागि ५ लाख बजेट विनियोजन गरेको छु।

६२. छत्रकोट ४ दिगाममा अवस्थित आदर्श मा.वि. को अधुरो भवन निर्माण कार्यका लागि १० लाख बजेट विनियोजन गरेको छु।

६३. वडा नं. १ मा रहेका निर्माण कार्य अधुरा रहेका सपौदी गौरा कवर्डहल र ठूटेपिपल कवर्डहलको निर्माण कार्यका लागि ७/७ लाख र छत्रकोट ४ श्रृङ्गामा रहेको श्रृङ्गा कभर्डहललाई पुरा गर्न ५ लाख बजेट विनियोजन गरेको छु।साथै अन्य कभर्डहलहरूलाई थप व्यवस्थित गर्न आवश्यक बजेट व्यवस्था मिलाएको छु।

६४. छत्रकोट-२ मा अवस्थित बङ्सेदी अधुरो खेल मैदान भवन निर्माणका लागि ८ लाख बजेट विनियोजन गरेको छु।

६५. **२० युनिटसम्मको विद्युत महशुल** निःशुल्क गर्ने कार्यक्रमलाई निरन्तरता प्रदान गर्न २३ लाख विनियोजन गरेको छु ।

६६. गाउँपालिकाभित्रका **लिफ्टिङ खानेपानी आयोजनहरूको विद्युत महशुलमा ५० प्रतिशत** अनुदान दिइ उपभोक्ताहरूलाई सर्वसुलभ खानेपानीको व्यवस्थाका लागि १० लाख विनियोजन गरेको छु ।

६७. नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा छत्रकोट गाउँपालिकाभित्रका अव्यवस्थित विद्युतीय पोल, तार र लाइन नजिकका रुखहरूको उचित व्यवस्थापन गरिनुका साथै हाइ र लो भोल्टेजका कारण उत्पन्नहुने समस्या समाधानका लागि बजेट विनियोजन गरेको छु ।

६८. गाउँपालिकाभित्रका सडक किनारमा पहिरो प्रतिरोधी बिरुवाहरू रोप्ने कार्यलाई प्रभावकारी रुपमा अगाडि बढाई 'हरित सडक' (Green Road) को अवधारणालाई कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

६९. जलवायु परिवर्तनको असर बढी परेको क्षेत्र र समुदायका व्यक्तिहरूलाई जलवायु अनुकुलन र उत्थानशीलताका कार्यक्रमहरू सञ्चालन गर्न सङ्घीय सरकारसँगको समन्वयमा जलवायु अनुकुलनका कार्यक्रम सञ्चालन गर्न २० लाख विनियोजन गरेको छु।

७०. गाउँपालिकाबाट **ट्याङ्करसहितको ट्याक्टर** व्यवस्थापन गरी आगालागी नियन्त्रण र फोहोरमैला व्यवस्थापनमा गर्न २७ लाख विनियोजन गरेको छु।

७१. गाउँपालिकामा सेवा लिन आउने नागरिकहरूको सहजताका लागि डिजिटल सार्वजनिक सेवा वडा पत्रको व्यवस्थापनका लागि ५ लाख विनियोजन गरेको छु ।

७२. **"जनताको घरमा नागरिकको भर"** भन्ने नारालाई आत्मसात् गर्दै गाउँपालिका तथा अन्तर्गतका कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई थप छिटो, छरितो, चुस्त, दुरुस्त, मितव्ययी, प्रभावकारी र व्यवस्थित वनाउन आवश्यक बजेट व्यवस्था मिलाएको छ। ।

७३. गाउँपालिकाबाट प्रवाह हुने सेवाको गुणस्तर प्रमाणीकरणका लागि तोकिएका न्यूनतम सूचकहरू हासिल गर्न आवश्यक बजेट व्यवस्थापन गरेको छ ।

७४. टोल विकास संस्थालाई विकासको साझेदारीको रुपमा अगाडि बढाइ "आफ्नो टोल आफै बनाउ" अभियान सञ्चालन गर्न ८ लाख ४० हजार विनियोजन गरेको छ ।

७५. गाउँपालिकामा करारमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छ ।

७६. उज्यालो गाउँपालिका अभियान अन्तर्गत गाउँपालिकाभित्रका बजार क्षेत्रमा सडक बत्ती जडान गर्ने कार्यका लागि बजेट विनियोजन गरेको छ।

७७. सुरक्षा व्यवस्थालाई चुस्तता प्रदान गर्न गाउँपालिकाका मुख्य नाकाहरू तथा बजार क्षेत्रहरूमा **CCTV** जडान गरी प्रहरी चौकीहरू मार्फत् सोको निगरानी गर्ने कार्य अगाडि बढाउन १० लाख विनियोजन गरेको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरू**

**बजेट तथा कार्यक्रमको पूर्णपाठ अनुसूची-१ मा प्रस्तुत गरेको छ।**

**बजेट कार्यान्वयन**

बजेट कार्यान्वयनको तालिका बनाई चौमासिक लक्ष्य अनुसार कार्यक्रम कार्यान्वयनमा जोड दिइनेछ । आयोजनाहरूको अनुगमन प्रणालीलाई कार्यान्वयनको चरण र सम्पन्नको चरणमा गर्ने पद्धती बाट आयोजनाहरूको गुणस्तरमा ध्यान पुर्याइनेछ। आयोजनासँग सम्बन्धित विषयगत समिति, विषयगत शाखाहरूबाट समेत नियमित अनुगमन मूल्याङ्कनको व्यवस्था मिलाइनेछ । साथै सम्बन्धित वडाका वडा अध्यक्षलगायतका जनप्रतिनिधिहरूबाट समेत अनुगमन मूल्याङ्कन हुने व्यवस्था मिलाइनेछ । यसबाट बजेट कार्यान्वयनमा अनुशासन र नतिजा प्राप्तिको सुनिश्चितता आउने विश्वास लिएको छ ।

**आदरणीय सभाध्यक्ष ज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरू**

**जवाफदेहीता र उत्तरदायित्व**

पुँजीगत क्षेत्रका विनियोजित बजेट समयमै खर्च नहुने प्रवत्तीलाई रोक्न सम्बन्धित शाखालाई जिम्मेवार बनाइनेछ । निर्धारित समय र लागतमा कार्य सम्पन्न गर्ने, निर्माण गुणस्तर कायम गर्ने कार्यमा निर्माण सम्बद्ध व्यवसायी,उपभोक्ता समिति र टोल विकास संस्थालाई परिणाम प्रति जवाफदेही तथा उत्तरदायी हुने प्रणालीको विकास गरिने छ ।

यो बजेटको कार्यान्वयनबाट छत्रकोट गाउँपालिकाको समग्र आर्थिक तथा सामाजिक विकास भई गाउँपालिकावासीहरूको जीवनस्तरमा सकारात्मक परिवर्तन आउने अपेक्षा गरेको छु ।

बजेट तथा कार्यक्रम तर्जुमा गर्दा मार्ग निर्देशन प्रदान गर्नुहुने आदरणीय अध्यक्ष ज्यू, परामर्श दिने वडाध्यक्ष ज्युहरू लगायत सम्पूर्ण जनप्रतिनिधि ज्यूहरू, विभिन्न विषयका विज्ञहरू, विभिन्न राजनीतिक दलका नेताहरू, नागरिक समूहका अगुवाहरू, सामाजिक अभियान्ता, विषयगत कार्यालयका प्रमुख ज्यू एवम् पत्रकार लगायत छत्रकोटवासी आमा,बुवा,दाजु-भाई,दिदि-बहिनीहरू प्रति हार्दिक आभार प्रकट गर्दछु । साथै यस कार्यमा अहोरात्र खटिई बजेट निर्माण कार्यमा सहयोग पुर्याउने प्रमुख प्रशासकीय अधिकृत एवम् सबै कर्मचारीहरूमा विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, छत्रकोटको विकासमा टेवा पुर्याउनुहुने सबै करदाताहरू, सङ्घीय सरकार, प्रदेश सरकार, संघ र प्रदेशमा यस क्षेत्रबाट प्रतिनिधित्व गर्ने पूर्व माननीय मन्त्री ज्यू, माननीय सांसदज्यूहरू, सल्लाहाकार वोर्ड, दातृ निकायहरू, गैरसरकारी तथा सामुदायिक संघ/संस्थाहरू, सहकारी संस्थाहरू लगायत छत्रकोटवासी र छत्रकोट गाउँपालिकालाई माया गर्नुहुने सम्पूर्ण दाजुभाई दिदी बहिनीहरूलाई यस अवसरमा हार्दिक आभार प्रकट गर्दै यो बजेटको सफल कार्यान्वयनमा समेत सबैको पूर्ण सहयोग पाउने विश्वास राखेको छु ।

**धन्यवाद !**

**सावित्रा ज्ञवाली**

उपाध्यक्ष

मितिः २०८३।०३।१०

## अनुसूची १

### प्रशासनिक खर्च चालु

| सि.न. | कार्यक्रम तथा योजना | रकम | कैफियत |
|---|---|---|---|
| १ | पारिश्रमिक कर्मचारी, तलब , स्थानी भत्ता, महगी भत्ता, चाडपर्व खर्च, पोशाक र योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च र करार कर्मचारीहरु, नगरप्रहरीको तलब, चाडपर्व र पोशाक खर्च समेत तथा स्विकृत दरबन्दिमा रहेका करार कर्मचारीको सामाजिक सुरक्षाकोष | ३३५६२७१० | |
| २ | ५० प्रतिशत साझेदारी कर्मचारीको तलब (एम.आई.एस अपरेटर, फिल्ड साहायक र मनोसामाजिक परामर्श) | १०७६३०२ | |
| ३ | फिल्ड भत्ता | ३००००० | |
| ४ | परीक्षा समिति मुल्याङ्कन समिति लगायत अन्य विषयगत समितिहरुको बैठक भत्ता र अन्य व्यवस्थापन खर्च | ७००००० | |
| ५ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ३००००० | |
| ६ | कर्मचारी इन्धन सुविधा | १०००००० | |
| ७ | वडा बैठक भत्ता | १५९२००० | |
| ८ | न्यायिक समितिको बैठक भत्ता र अन्य व्यवस्थापन खर्च | ३००००० | |
| ९ | मेलमिलाप कर्ताको क्षमता अभिवृद्धि कार्यक्रम संचालन | १००००० | |
| १० | अन्य भत्ता | २००००० | |
| ११ | लुम्बिनि प्रदेश कानुन अनुसार पदाधिकारी बैठक भत्ता | ८००००० | |
| १२ | लुम्बिनि प्रदेश कानुन अनुसार पदाधिकारी अन्य सुबिधा | ७०००००० | |
| १३ | लुम्बिनि प्रदेश कानुन अनुसार पदाधिकारी भ्रमण खर्च | ५००००० | |
| १४ | पानी तथा बिजुली वडा कार्यालय सहित | ६५०००० | |
| १५ | संचार महसुल ,इन्टरनेट शुल्क वडा समेत | ८५०००० | |
| | **जम्मा** | ४८९३१०१२ | |
| | **सुशासन तथा अन्तर सम्बन्धित कार्यक्रम** | | |
| १ | इन्धन पदाधिकारी | ८००००० | |
| २ | इन्धन कार्यालय प्रयोजन | १२००००० | |
| ३ | एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन | १३००००० | |
| ४ | व्याकहो लोडर सञ्चालन तथा व्यवस्थापन | १३००००० | |
| ५ | सव वाहन सञ्चालन तथा व्यवस्थापन | ४००००० | |
| ६ | बिमा तथा नवीकरण खर्च सवारी साधन | ७००००० | |
| ७ | मसलन्द तथा कार्यालय सामाग्री वडा समेत | ३०००००० | |

| | | | |
|---|---|---|---|
| ८ | पुस्तक तथा सामग्री खर्च | २००००० | |
| ९ | इन्धन - अन्य प्रयोजन | १००००० | |
| १० | स्थानिय रेडियो एफ. एम अनलाइन पत्रिकहरु सँग साझेदारीमा गाउँपालिकाका विभिन्न क्षेत्रगत प्रोफाइल निर्माण | ३००००० | |
| ११ | छपाई तथा सूचना प्रकाशन पत्रपत्रिका लगायतको खर्च, | ८००००० | |
| १२ | अन्य कार्यालय संचालन खर्च | २००००० | |
| १३ | अन्य सेवा शुल्क | १५०००० | |
| १४ | कर्मचारी तालिम नियमित र सेवाकालिन खर्च | ३००००० | |
| १५ | विभिन्न तालिम गोष्ठी तथा कार्यक्रम खर्च | २००००० | |
| १६ | गाउँपालिका कर्मचारीहरु तथा जनप्रतिनिधीहरुको क्षमता अभिवृद्धि कार्यक्रम | ४००००० | |
| १७ | भैपरी आउने कार्यक्रम खर्च | ४००००० | |
| १८ | एकीकृत घुम्ति शिविर संचालन तथा उ.स. र टोल विकास पदाधिकारीहरु सग योजना अभिमुखिकरण कार्यक्रम | ३००००० | |
| १९ | सार्वजनिक सुनवाई | २००००० | |
| २० | निशुल्क विद्युत महशुल छुट (२० युनिट सम्म) | २३००००० | |
| २१ | LGPAS व्यवस्थापन परिक्षणमा खटिने कर्मचारी व्यवस्थापन | २००००० | |
| २२ | अतिथी सत्कार | १००००० | |
| २३ | विविध दिवस समारोह लगायतको विविध कार्यक्रम खर्च खर्च | ४००००० | |
| २४ | अनुगमन, मूल्याङ्कन प्राविधिक समेत | ७००००० | |
| २५ | काज बापत दैनिक भ्रमण खर्च | १३००००० | |
| २६ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | ५०००० | |
| २७ | सभा सञ्चालन खर्च | ५००००० | |
| २८ | सवारी साधन तथा मेशिनर औजार भाडा | ३००००० | |
| २९ | अन्य भाडा | २००००० | |
| ३० | विविध खर्च | १२००००० | |
| ३१ | लेन्थ वर्कर | ५००००० | |
| ३२ | भैपरी आउने चालु खर्च | १२००००० | |
| ३३ | बजार अनुगमन व्यवस्थापन | १००००० | |
| **जम्मा** | | २१३००००० | |
| **कुल जम्मा** | | ७०२३१०१२ | |

## १. आर्थिक विकास तर्फ

### कृषि

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | उत्पादनमा आधारित अनुदान | ३०००००० | |
| २ | मागमा आधारित अनुदान | ३००००० | |
| ३ | च्याउ प्रवर्द्धन कार्यक्रम | २००००० | |
| ४ | रोग किरा नियन्त्रण कार्यक्रम | २००००० | |
| ५ | प्लान्ट क्लिनिक | १००००० | |
| ६ | माटो परीक्षण शिविर | २००००० | |
| ७ | विभिन्न दिवस तथा सप्ताहा | ५०००० | |
| ८ | कृषि मेला/महोत्सव | १००००० | |
| ९ | विषादी जोखिम न्युनिकरण तथा प्राङ्गारीक खेति सचेतना कार्यक्रम | २००००० | |
| १० | अकबरे खुर्सानी प्रवर्धन कार्यक्रम | २००००० | |
| ११ | कृषि तालिम तथा प्रसार | १५०००० | |
| १२ | कफि प्रवर्धन कार्यक्रम | २००००० | |
| १३ | रैथाने बाली प्रवर्धन कार्यक्रम | १००००० | |
| १४ | यान्त्रीकिकरण कार्यक्रम | १०००००० | |
| १५ | कृषि उपज सङ्कलकहरूलाई सामाग्री वितरण | ३००००० | |
| १६ | श्रृङ्गामा कृषि अध्ययन केन्द्र स्थापना | ५००००० | |
| जम्मा | | ६८००००० | |

### पशु विकास

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | पशु स्वास्थ शिविर | ३००००० | |
| २ | पशुपन्छी सम्बन्धि तालिम | १००००० | |
| ३ | जुनोटिक रोग सम्बन्धी स्कुल प्रसार शिक्षा कार्यक्रम | १००००० | |
| ४ | महामारी तथा जुनोटिक रोगहरु विरुद्ध खोप तथा औषधी खरिद | २००००० | |
| ५ | बाँझोपन सुधारका लागि डोर टु डोर कार्यक्रम | २००००० | |
| ६ | विभिन्न दिवस तथा उत्सव कार्यक्रम | ५०००० | |
| ७ | सामुदयिक कुकुरहरु बन्धाकरण शिविर कार्यक्रम | १००००० | |
| ८ | दुध तथा अन्डा उत्पादनमा आधारित अनुदान | १२००००० | |
| ९ | भ्याक्सिनेटरको लागि पारिश्रमिक | १००००० | |
| १० | माछा प्रवर्धन कार्यक्रम | १००००० | |

| | | | |
|---|---|---|---|
| ११ | दुध सङ्कलकका लागि मागमा आधारीत सामग्री वितरण(८५ प्रतिशत) | २००००० | |
| १२ | बँगुर प्रबर्धन कार्यक्रम | २००००० | |
| **जम्मा** | | **२८५००००** | |

**सिँचाई तर्फ**

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | अमिलेखोला गिठीका रुखमुनी तिर्लिङ खेत सिँचाई,छत्रकोट-१ | १००००० | |
| २ | बुटिल गैरिपोखरा कुलो मर्मत,छत्रकोट-२ | १००००० | |
| ३ | रेशमबारी कुलो निर्माण अधुरो,छत्रकोट-४ | ५०००० | |
| ४ | भगानीखोला बगर कुलो निर्माण,छत्रकोट-४ | ५०००० | |
| ५ | सेङ्दीफाँट कुलो मर्मत,छत्रकोट-६ | १००००० | |
| | | **४०००००** | |

**पर्यटन,उद्योग तथा वाणिज्य,सहकारी तथा वित्तीय सेवा आदि**

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | सहकारी संस्था पदाधिकारी तथा कर्मचारीहरुका लागि क्षमता अभिवृद्धि तालिम | १००००० | |
| २ | वित्तीय साक्षरता | १००००० | |
| ३ | सहकारी संस्था अनुगमन तथा मूल्याङ्कन (PEARLS & MCI) समेत | २००००० | |
| ४ | अध्यक्ष सँग रिटर्नी कार्यक्रम | ३००००० | |
| ५ | पुनर्ताजगी र एडभान्स सीप विकास तालिम | ३५००० | |
| ६ | गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ लघु उद्यमी सिर्जना साझेदारी | १६०००० | |
| ७ | उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागि ५जनाको समुहमा प्रविधि हस्तान्तरण साझेदारी | ७०००० | |
| ८ | एक वडा एक लघु उद्यम कार्यक्रम सञ्चालन | १२००००० | |
| **जम्मा** | | **२१६५०००** | |

## २. सामाजिक विकास

**शिक्षा तर्फ**

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | प्रारम्भिक बाल विकास सहजकर्ताहरूको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यवस्थापन अनुदान | ९७९३००० | |
| २ | अध्ययन तथा अनुसन्धानकर्ताहरूलाई प्रोत्साहन | १००००० | |

| | | | |
|---|---|---|---|
| ३ | शिक्षा समिति तथा प्र. अ. हरूको मासिक बैठक सञ्चालन र व्यवस्थापन | २००००० | |
| ४ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन | ८००००० | |
| ५ | कक्षा १२ मा उत्कृष्ट नतिजा हासिल गर्ने विद्यार्थी सम्मान | ५०००० | |
| ६ | जिल्ला स्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताको लागि विद्यार्थी खेलाडी व्यवस्थापन | २५०००० | |
| ७ | अध्यक्ष कप खेलकुद प्रतियोगिता सञ्चालन | ८००००० | |
| ८ | Pre BLE र Pre See परीक्षा सञ्चालन | १००००० | |
| ९ | सबै विद्यालयमा विद्यार्थीहरूको परीक्षा सञ्चालन | १५०००० | |
| १० | उत्कृष्ट शिक्षक विद्यार्थी र विद्यालय सम्मान | २५०००० | |
| ११ | राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालनार्थ विद्यालयलाई यातायात खर्च | २५०००० | |
| १२ | आधारभूत तह कक्षा ८ उत्तीर्ण परीक्षा सञ्चालन | ४००००० | |
| १३ | विभिन्न विधामा प्रतिभा पहिचान कार्यक्रम क्रियाकलाप सञ्चालन | २००००० | |
| १४ | SEE मा ३.२ जि. पि. ए. ल्याउने विद्यार्थीहरूलाई कक्षा ११ र १२ मा पठनपाठनका लागि पूर्ण छात्रवृति | ५००००० | |
| १५ | दिगाम आदर्श बहुमुखी क्याम्पसमा स्नातक तहमा अध्ययनरत विद्यार्थीलाई पूर्ण छात्रवृति अनुदान | ३००००० | |
| १६ | कृषि पशु प्राविधिक स्नातक छात्रवृत्ती कार्यक्रम | १५०००० | |
| १७ | बालविकास केन्द्रका लागि आर्थिक लेखा परीक्षण र सामाजिक लेखा परीक्षण अनुदान | १००००० | |
| १८ | विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन तथा व्यवस्थापन अनुदान | २००००० | |
| १९ | विषयगत शिक्षकका लागि तालिम सञ्चालन | २५०००० | |
| २० | अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | १००००० | |
| २१ | शिक्षक प्रोत्साहन कार्यक्रम | ९००००० | |
| २२ | स्वयमसेवक शिक्षक व्यवस्थापन | ५००००० | |
| २३ | विज्ञान प्रदर्शनी कार्यक्रम सञ्चालन | २००००० | |
| २४ | प्रधानाध्यापक भत्ता व्यवस्थापन अनुदान | २००००० | |
| २५ | विज्ञान विषय शिक्षक व्यवस्थापन अनुदान | १०००००० | |
| २६ | प्राविधिक धारका विद्यार्थीका लागि छात्रवृत्ति | १५०००० | |
| २७ | विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन | १००००० | |
| २८ | अध्यक्षसँग विद्यार्थी अन्तर्क्रिया कार्यक्रम | १००००० | |

| | | | |
|---|---|---|---|
| २९ | विद्यार्थीहरूलाई Career Counseling | १००००० | |
| ३० | विद्यालय सँग लागत साझेदारीमा बस खरिद | ३५००००० | |
| ३१ | विद्यालयका ल्यापटप कम्प्युटर तथा डिजिटल सामग्री मर्मत | ५००००० | |
| ३२ | ड्युज बल क्रिकेट प्राक्टिस नेटको स्थापना | २००००० | |
| | **जम्मा** | २२३९३००० | |

## स्वास्थ्य तर्फ

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | स्वास्थ्य चौकी,प्रा.स्वा.के.,फार्मेसी र सामुदायिक स्वास्थ्य ईकाइमा कार्यारत अ.हे.ब., अ.न.मी.,ल्याब,एम्बुलेन्स,कार्यालय सहयोगीको पारीश्रामिक तथा पोषाक तथा अन्य भत्ता समेत | १२५००००० | |
| २ | असहाय उपचार सहायता रकम | ५००००० | |
| ३ | निःशुल्क मोतिया विन्दु शल्यक्रिया | १५०००० | |
| ४ | छत्रकोट वासीको लागि निशुल्क रगत उपलब्ध वापत खर्च | २५०००० | |
| ५ | मृगौलाको प्रत्यारोपण/डाईलायसिस गराईरहेको/क्यान्सर/मेरुदण्डको पक्षघात र मुटुको ओपन सर्जरी गराएकाको लागि मासिक १००० भुक्तानी | १२००००० | |
| ६ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको मासिक प्रोत्साहन खर्च | १५४८००० | |
| ७ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका संचार खर्च | १०३२०० | |
| ८ | आमा समुह बैठक चिया खाजा खर्च | ५१६००० | |
| ९ | महिला सामुदायिक स्वास्थ्य स्वयं सेविकाहरुको सम्मान जनक विदाई तथा निवृत्तिभरण समारोह समेत | २५०००० | |
| १० | महिला स्वास्थ्य स्वयं सेविका संग अन्तरकृया कार्यक्रम | १५०००० | |
| ११ | महिला स्वास्थ्य स्वयं सेविका अवलोकन भ्रमण | ३००००० | |
| १२ | स्वास्थ्य सम्बन्धी शिविर | ३००००० | |
| १३ | आधारभुत अस्पताल अनुदान , स्वास्थ्य संस्था, सामुदायिक स्वास्थ्य ईकाइ र नागरिक आरोग्य केन्द्र संचालन अनुदान | ६९०००० | |
| १४ | स्वास्थ्य सम्बन्धी अन्य शिविर हेल्थ डेक्स संचालन | २००००० | |
| १५ | गर्भावस्थामा गरिने ANC Package/Blood Sugar निशुल्क जाँच | १००००० | |

| | | | |
|---|---|---|---|
| १६ | एच.आई.भि. संक्रमित व्यक्तिहरुका लागी औषधि ढुवानी वापत यातायात खर्च | १५०००० | |
| १७ | मानसिक स्वास्थ्य प्रवर्धन तथा औषधी खरिद कार्यक्रम | २५०००० | |
| १८ | निःशुल्क औषधी खरिद तथा ढुवानी | २०००००० | |
| १९ | स्वास्थ्य संस्थाहरुको वार्षिक समिक्षा मासिक समिक्षा तथा डाटा भेरिफिकेसन | १५०००० | |
| २० | आयुर्वेदको लागि औषधी लगाएत कार्यक्रम सञ्चालनतर्फ | १५०००० | |
| **जम्मा** | | **२१४५७२००** | |

**खानेपानी तथा सरसफाई**

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | Wash Plan अद्यावधिक | १०००००० | |
| २ | लिफ्टिङ्ग खानेपानी विद्युत महशुलमा ५० प्रतिशत छुट | १०००००० | |
| ३ | बोटेगाउँ खानेपानी योजना,,छत्रकोट-१ | १००००० | |
| ४ | साखिनेखोला कर्लुक खा.पा.,छत्रकोट-१ | १००००० | |
| ५ | बाँसका रुख कर्लुक खा.पा.,छत्रकोट-१ | १००००० | |
| ६ | अमारे भुषालटोल अधुरो खा.पा.,छत्रकोट-१ | १००००० | |
| ७ | श्रृङ्गा जनता मा.वि. बालकक्षा व्यवस्थापन,छत्रकोट-४ | १००००० | |
| ८ | बिरौटा खानेपानी पम्प हाउस निर्माण,छत्रकोट-५ | ३००००० | |
| ९ | ढकान खानेपानी व्यवस्थान,छत्रकोट-६ | ५०००० | |
| **जम्मा** | | **२८५००००** | |

**संस्कृति प्रवर्द्धन,लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायत अन्य**

| सि नं | योजनाको नाम | बजेट रु | |
|---|---|---|---|
| १ | अपाङ्गगता भएका व्यक्तिलाई सामाजिक सुरक्षा भत्ता | ६००००० | |
| २ | अपाङ्गगता भएका व्यक्तीलाई सहायता सामाग्री खरिद तथा वितरण | ३००००० | |
| ३ | बाल मैत्री स्थानिय शासन कार्यक्रम | १०००००० | |
| ४ | बाल क्लव गठन तथा बाल अधिकार सम्बन्धी अभिमुखीकरण | १००००० | |
| ५ | हिन्दु महिलाहरुको महान पर्व हरितालिका तीज विशेष कार्यक्रम | १५०००० | |
| ६ | लै.स.सा.स परीक्षण | १००००० | |
| ७ | लोक संस्कृती संरक्षण तथा प्रवर्द्धन सम्बन्धित कार्यक्रम | ३००००० | |
| ८ | जेष्ठ नागरिक संग अध्यक्ष भेटघाट कार्यक्रम | ५००००० | |
| ९ | महिला लक्षित कार्यक्रम संचालन | ४००००० | |

| | | | |
|---|---|---|---|
| १० | दलित  लक्षित कार्यक्रम संचालन | ४००००० | |
| ११ | जनजाती लक्षित कार्यक्रम संचालन | ४००००० | |
| १२ | लोक सेवा र शिक्षक सेवा कक्षा सञ्चालन | ५००००० | |
| १३ | अल्प संख्यक पिक्षडिएको जातजाती लक्षित कार्यक्रम सञ्चालन | १००००० | |
| १४ | घरेलु तथा लैंगिक हिंसा विरुद्धका क्रियाकलापहरु सञ्चालन | १००००० | |
| १५ | स्थानिय भजन संरक्षण तथा प्रवर्धन कार्यक्रम | २००००० | |
| १६ | ५० वर्ष माथिका एकल महिला/पुरुष जीवन निर्वाह सारथी भत्ता कार्यक्रम | ५००००० | |
| १७ | छत्रकोट देवालयमा दशै पूजा तथा मेला व्यवस्थापन र सरसफाई कार्यक्रम | १००००० | |
| १८ | सामाजिक परीक्षण | १००००० | |
| १९ | एकल र असहाय जेष्ठ नागरिकको हेरचाह तथा संरक्षणको लागि संयम् सेवक परिचालन | १००००० | |
| २० | विपन्न परिवारको स्वास्थ्य बीमा कार्यक्रम | ८७५००० | |
| २१ | मगर भाषा प्रशिक्षण | १००००० | |
| २२ | लागूऔषध सम्बन्धी सचेतना कार्यक्रम | २००००० | |
| २३ | युवा लक्षित सीप विकास तथा स्वरोजगार प्रवर्धन कार्यक्रम सञ्चालन तथा व्याज अनुदान | ८००००० | |
| २४ | स्थानीय कला, भाषा, संस्कृति, परम्परागत ज्ञान, सीप र प्रविधि तथा पुरातात्विक सम्पदाको विवरण अद्यावधिक | २००००० | |
| २५ | सामाजिक सञ्जालको दुरुपयोग तथा साइबर जोखिम न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम | १००००० | |
| २६ | मानव अधिकार प्रवर्द्धन सम्बन्धी कार्यक्रम | १००००० | |
| २७ | विद्युत लाईन नजिक रहेका रुख कटान व्यवस्थापन | २००००० | |
| २८ | रेडक्रससँगको साझेदारीमा कार्यक्रम सञ्चालन | ५०००० | |
| २९ | लक्षित वर्गको लागि निःशुल्क विद्युत मिटर जडान | १००००० | |
| ३० | खेलकुद प्रवर्धन | ३००००० | |
| ३१ | सामाजिक सुरक्षा बायोमेट्रिक डिभाइस खरिद तथा व्यवस्थापन | ६००००० | |
| | **जम्मा** | ९५७५००० | |

## ५. संस्थागत विकास तथा सुशासन

| सि नं | योजनाको नाम | बजेट रु | कैफियत |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | प्रशासकीय भवन सभाहल तथा अन्य कार्यालय प्रयोजनको लागी फर्निचर तथा फर्निसिङ् | ३०००००० | |
| २ | वडा कार्यालयहरूमा फर्निचर तथा फर्निसिङ् | ६००००० | |
| ३ | समपुरक कोष तर्फ (सघिय सरकार, प्रदेश सरकार र सडकबोर्ड सँग साझेदारी) | १९४००००० | |
| ४ | मर्मत सम्भार कोष | १५००००० | |
| ५ | एम्बुलेन्स,ब्याकलोडर, तथा दुई पाग्रे र चार पाङ्ग्रे सवारी साधन मर्मत सम्भार | २५००००० | |
| ६ | कम्प्यूटर ल्याप्टप लगायत मेशिनरी औजार मर्मत | ५००००० | |
| ७ | गाउँपालिकाको कार्यालयमा कम्प्यूटर ल्याप्टप खरिद | ६००००० | |
| ८ | वडा कार्यालयहरूमा कम्प्यूटर प्रिन्टर खरिद | ५००००० | |
| ९ | सेवा परामर्श | १०००००० | |
| १० | भैपरी आउने पुजिगत | १५००००० | |
| ११ | प्रधानमन्त्री रोजगार कार्यक्रम लागत साझेदारी | १०४७००० | |
| १२ | डिजिटल नागरिक वडापत्र व्यवस्थापन | ५००००० | |
